# सिद्धिचरण नगरपालिकाको आर्थिक ऐन, २०७९

**प्रस्तावनाः**

सिद्धिचरण नगरपालिकाको आर्थिक बर्ष ०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनका लागि प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिद्धिचरण नगरपालिकाको दशौं नगर सभाले देहाय बमोजिमको विधेयक स्वीकृत गरेको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सिद्धिचरण नगरपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि सिद्धिचरण नगरपालिकाको क्षेत्रभर लागू हुनेछ।

(३) नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ को क्र.सं. ४ उल्लिखित स्थानीय कर दस्तुरको क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम नगरपालिकाबाट देहाय अनुसारको कर दस्तुर संकलन गरिनेछ ।

**२. सम्पत्ति करः**

(१) नगरपालिका क्षेत्र भित्रका घर संरचना, सो घर संरचनाले ओगटेको क्षेत्रफल र सो क्षेत्रफल बराबरको थप जग्गामा सम्पत्ति कर र मालपोत कर निर्धारण गर्दा अनुसूची १ को (क) बमोजिमको भौगोलिक क्षेत्र अनुसारका जग्गाहरुको मूल्याङ्कनको आधारमा गरिनेछ ।

(२) सम्पत्ति करको दर अनुसूची १ को (ख) बमोजिम हुनेछ ।

(३) सम्पत्ति कर मूल्याङ्कन प्रयोजनको लागि घर (संरचना) को मूल्याङ्कन गर्दा अनुसूची १ को (ग) बमोजिम गरिनेछ।

**३. मालपोत करः** नगरपालिकाबाट नगर क्षेत्र भित्रका घर जग्गाहरु मध्ये सम्पत्ति कर लाग्ने घर जग्गा बाहेकका जग्गाहरुमा अनुसूची-१ (क) मा उल्लिखित जग्गाको मुल्यांकन दरलाई आधार मानी अनुसुची-२ बमोजिमको दरमा बार्षिक मालपोत कर संकलन गरिनेछ ।

**४. घर बहाल करः** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची-३ मा उल्लिखित दरमा घर जग्गा बहाल कर संकलन गरिनेछ ।

**५. व्यवसाय करः** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ मा उल्लिखित दरमा व्यवसाय कर संकलन गरिनेछ।

**६. दर्ता, अनुमति तथा नवीकरण शुल्क/दस्तुरः** नगरपालिका क्षेत्र भित्रका विभिन्न व्यवसाय, सेवामूलक संघ/संस्था दर्ता, अनुमति तथा नवीकरण र भवन निर्माणका लागि अनुमति, नामसारी, नक्सा संशोधन, अभिलेखीकरण र म्याद थप गर्दा अनुसूची -५ मा उल्लिखित दरमा शुल्क/दस्तुर असुल उपर गरिनेछ ।

**७. बहाल विटौरी शुल्कः** नगरपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार तथा नगरपालिका क्षेत्र भित्र सञ्चालन भएका वा गरिने व्यवसायहरुबाट अनुसूची (६) मा उल्लिखित दरमा शुल्क लगाई असुल उपर गरिनेछ।

**८. पार्किङ शुल्कः** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची-७ मा उल्लिखित दरमा पार्किङ शुल्क असुल उपर गरिनेछ ।

**९. जडीबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले अनुसूची-८ मा उल्लिखित जडीबुटी, कवाडी र जीवजन्तु जन्य वस्तुको व्यावसायिक उपयोग गरे बापत सोही अनुसूचीमा उल्लिखित दरमा जडीबुटी, कवाडी र जीवजन्तु कर असुल उपर गरिनेछ ।

१०. **वस्तु तथा सेवा बिक्री शुल्क/दस्तुरः** नगरपालिका क्षेत्र भित्रको स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री र नगरपालिकाको ट्रिपर, रोलर र ब्याकहोई लोडर प्रयोग गरे बापत अनुसूची-९ मा उल्लिखित दरमा वस्तु तथा सेवा विक्री शुल्क/दस्तुर असुल उपर गरिनेछ ।

११. **सेवा शुल्क/दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा अनुसूची-१० मा उल्लिखित अन्य कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवाग्राहीबाट सोही अनुसूचीमा उल्लिखित दरमा सेवा शुल्क/दस्तुर असुल उपर गरिनेछ ।

१२. **सवारी साधन करः** नगरपालिकाबाट टाँगा/रिक्सा/ अटो रिक्सा/ ई-रिक्साको दर्ता तथा बार्षिक नवीकरण गर्दा अनुसूची -११ मा उल्लिखित दरमा सवारी साधन कर असुल उपर गरिनेछ ।

१३. **विज्ञापन करः** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची-१२ बमोजिमको दरमा विज्ञापन कर असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगर क्षेत्रका पार्क, ऐतिहासिक तथा पुरातात्विक सम्पदा र संग्रहालय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क नगर कार्यपालिकाको निर्णयबाट निर्धारित दर बमोजिम असुल उपर गरिनेछ ।

१५. **दण्ड जरिवानाः** नगरपालिकाबाट लिइने दण्ड जरिवाना प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

१६. **करमा छुट दिन नमिल्नेः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर, शुल्क तथा दस्तुर संकलन सम्वन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूचीहरु**

## अनुसूची -१
### (ऐनको दफा २ को (१) सँग सम्बन्धित)
### सम्पत्ति करको दर

**क. सम्पत्ति कर तथा मालपोत कर निर्धारणका लागि भौगोलिक क्षेत्र अनुसारका जग्गाहरुको मूल्याङ्कन दरः**

| वडा नं. | भौगोलिक क्षेत्र | प्रति रोपनी मूल्याङ्कन |
|---|---|---|
| १ | उपल्टार, तिनपिप्ले, राम्चे, कोसेलीचौर, वाङ्गी | १००००० |
| १ | मूलघाट क्षेत्र | २००००० |
| १ | नाल्सु मैनाटार | ८०००० |
| १ | गणेस्थान, पहरेवेसी, भारतीछाप, भोट, वतासे, विमिरे, नाल्सु, पार्थोक | ५०००० |
| १ | बाहचाँदे सिञ्चित क्षेत्र | ३००००० |
| १ | फापरस्वाँरा सिञ्चित क्षेत्र | १२०००० |
| १ | पहरेवेसी, मैनाटार, जल्किनी, वाङ्गी, वतासे, डुम्रे, नाल्सु, विमिरे सिञ्चित क्षेत्र | १००००० |
| १ | मैनाटारदेखि पहरेवेसी, दुधकोशी वगर | ५०००० |
| २ | झाक्री डाँडादेखि सभाचौरसम्म | १०००००० |
| २ | ओखलढुङ्गा रभुवा सडकले छोएको ३० मिटर दाँया बायाँ | ३००००० |

| वडा नं. | भौगोलिक क्षेत्र | प्रति रोपनी मूल्याङ्कन |
|---|---|---|
| २ | कच्ची सडकले छोएका बस्तीयोग्य भूमि | १००००० |
| २ | कृषि योग्य पाखा जग्गा | ३०००० |
| २ | कृषि योग्य सिञ्चित जग्गा | ४०००० |
| २ | वन, वगर र खरवारी | १०००० |
| ३ | भैंसी काट्ने डाँडादेखि साँवा डाँडासम्मको सडकको क्षेत्र | १९००००० |
| ३ | साँवा डाँडादेखि बरबोटसम्म | ४००००० |
| ३ | बरबोटदेखि अधेरी वितलब लामिस्वती रुम्जाटार जाने सडकको क्षेत्र | २००००० |
| ३ | ग्रामीण सडकले छोएका सबै जग्गाहरु | १००००० |
| ३ | लामिस्वती टारीखेत, ठुल्ढुङ्गे टारीखेत, बेसीटोल टारीखेत, अधेंरी घुमाउने खेत | २५०००० |
| ३ | अन्य बाँकी खेतहरु, गाउँखेत, तीलपाटे खेत, कात्तिके र मजुवा खेत | १००००० |
| ३ | ओखरबोटदेखि डाँडा चौतारासम्मको बारी | २००००० |
| ३ | ओखरबोटदेखि साविक वडा नं. ३, ७, ८ र ९ को बारी | १५०००० |
| ३ | अधेंरी नारायणस्थानको साविक वडा नं. १, २, ४, ५ र ९ को लामिस्वती बाँसबोट, खनालटोल, चनौटे, जंगले बस्तीटोल, दलितटोल र अन्य जग्गाहरु | ५०००० |
| ४ | ५ नं. वडा वर्नालुको सिमानादेखी शुक्रवारे हुँदै विमानस्थल सम्मका सडकका दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | ३५००००० |
| ४ | रुम्जाटार मा.वि. देखि तेर्सोबाटो गुरुधाम चोक हुँदै माम्खा जाने सडकका दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | ३२००००० |
| ४ | दिपेश श्रेष्ठको घरदेखि माम्खा जाने सडकको ढिकसम्मका दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | २०००००० |
| ४ | रुम्जाटार अस्पतालदेखि गुरुधाम चोक, तेर्सोबाटो, रुम्जाटार नमुना मा.वि. सम्मको दायाँ वायाँका कित्ताहरु प्रति रोपनी | ३०००००० |
| ४ | **तपसिलमा उल्लिखित भित्री सडकले छोएका दायाँ** बायाँ**का कित्ताहरु प्रति रोपनी** | |
| | तेर्सो बाटोदेखि कालिका मन्दिरसम्म | २०००००० |
| | नेपाल बायुसेवा निगमदेखि यातायात कार्यालय हुँदै तेर्सो बाटोसम्म | |
| | तिनकुनेदेखि महादेवस्थान हुँदै पञ्चा मेडिकलसम्म | |
| | वेलफेयरदेखि रामबाबु श्रेष्ठको घरसम्म | |
| | विद्युत क्वाटरदेखि बालकृष्ण गुरुङको घरसम्म | |
| | वाटापरी घरदेखि जसटोल हुँदै गुम्वा जाने सडक | |
| | कृष्णबन्धु गुरुङको घरदेखि स्वामि रुखसम्म | |
| | पञ्चा मेडिकल हलदेखि माम्खा जाने तिनचोके रोडसम्म | |
| ४ | शुक्रवारेदेखि रुम्जाटार गुम्वा हुँदै जिल्ला हस्पिटल सम्मका दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | ३२००००० |
| ४ | जिल्ला हस्पिटलदेखि तिनचोके हुँदै माम्खा जाने ढिकसम्म दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | २५००००० |
| ४ | शान्ता राईको घरदेखि ठुलो ढिक हुँदै गुम्वासम्म जाने दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | २०००००० |

| वडा नं. | भौगोलिक क्षेत्र | प्रति रोपनी मूल्याङ्कन |
|---|---|---|
| ४ | शुक्रवारेदेखि विमानस्थल हुँदै ठूलो ढिकसम्म रिङरोडले छोएका दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | २०००००० |
| ४ | तिनचोकेदेखि भोग्टेनी जाने सडकको दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | २०००००० |
| ४ | रुम्जाटार भरीका सडकले नछोएका जग्गाहरु प्रति रोपनी | १६००००० |
| ४ | रुम्जाटार ठूलो ढिकदेखि सडकले छोएका तिलङ्गे सम्मका दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | ५००००० |
| ४ | रुम्जाटार ढिकदेखि ठोट्नेखोलासम्म माम्खा जाने सडकका दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | ३००००० |
| ४ | रुम्जाटार अस्पतालदेखि सिस्नेखोलासम्म सडकले छोएका दायाँ बायाँका कित्ताहरु प्रति रोपनी | ५००००० |
| ४ | सिस्ने खोला र ठोट्ने खोलाका सिञ्चित जग्गाहरु प्रति रोपनी | २००००० |
| ४ | माथि उल्लेख भए बाहेकका पाखा बारी, निजी वन, बगर प्रति रोपनी | १००००० |
| ५ | माने डाँडादेखी उदिन ढुंगासम्म सडकले छोएको दायाँ बायाँका जग्गाहरु | १०००००० |
| ५ | बर्नालु वि.क.चोकदेखी वर्नालु जानुमाया राईको घर छेउसम्म सडकको दायाँ बायाँका जग्गाहरु | १०००००० |
| ५ | ढुङ्ग्रे चौतारादेखी सिद्धदेवी आ.वि. सम्मका सडकले छोएको दायाँ बायाँका जग्गाहरु | १०००००० |
| ५ | देउराली फेदे चौरदेखी पाटिडाँडा सम्मका सडकले छोएको दायाँ बायाँका जग्गाहरु | ७००००० |
| ५ | पाटी डाँडादेखि लालु ढिकसम्म घडेरीमा प्रयोग हुने दायाँ बायाँका जग्गाहरु | ७००००० |
| ५ | राज्यलक्ष्मी मा.वि. देखि रुम्जाटार सिमानासम्म सडकले नछोएका जग्गाहरु प्रति रोपनी | ५००००० |
| ५ | बनपालेवाट सानिटार लामागाउँसम्म रिङरोडको ८ मिटर भित्रका सडकले छोएका जग्गाहरु प्रति रोपनी | १५००००० |
| ५ | लामागाउँदेखि भोर्ला डाँडासम्म घडेरीमा प्रयोग हुने रिङरोडले छोएका जग्गाहरु | ७००००० |
| ५ | कालिका चोक-वडा कार्यालय-वुलादी-चिप्लेचौर सडकले छोएका जग्गाहरु | ७००००० |
| ५ | राज्यलक्ष्मी मा.वि. देखि पाखाली लामागाउँ रिङरोडसम्म सडकले छोएका जग्गाहरु | १५००००० |
| ५ | सानिटार सडकले नछोएको बारी | ५००००० |
| ५ | वर्नालु सडकले नछोएको बारी | ५००००० |
| ५ | राज्यलक्ष्मी मा.वि. देखि रुम्जाटार सिमानासम्म सडकले छोएका जग्गाहरु | २०००००० |
| ५ | लालु ढिकदेखी टुहुरेसम्म सडकले छोएका घडेरीमा प्रयोग हुने जग्गाहरु | ७००००० |
| ५ | विप्लाँटेदेखी घुर्मिसे लालु ढिकसम्मको सडकले छोएका घडेरीमा प्रयोग हुने जग्गाहरु | ७००००० |
| ५ | सानो चित्रे दुम्के मानेडाँडा चित्रगुप्तासम्म सडकले छोएका घडेरीमा प्रयोग हुने जग्गाहरु | ५००००० |
| ५ | साजे, स्वारो, टारी खेत | ५००००० |
| ५ | चिलाउने वेंसी खेत | ५००००० |
| ५ | चुप्लु वेंसी खेत | ३००००० |
| ५ | चुप्लु सडकले नछोएको खेतीयोग्य बारी | १००००० |

| वडा नं. | भौगोलिक क्षेत्र | प्रति रोपनी मूल्याङ्कन |
|---|---|---|
| ५ | ज्यामिरे बारी | ५००००० |
| ५ | माने खेत | ५००००० |
| ५ | सपनावती दोभान गने आहाल र सो आसापासका खेत | ५००००० |
| ५ | ढुङ्ग्रे, डाँडाखर्क, रयाले, सुनारखोप आवादी बारी | १००००० |
| ५ | ढुङ्ग्रे सडकले छोएका जग्गा | २००००० |
| ५ | सानो चित्रे आवादी बारी | ३००००० |
| ५ | दुम्के, सिउरानी, मानेडाँडा, जौवारी, चित्रे, घुर्मिसे, छाँगे, कुँडार, उत्तिसे, सिसिखर्क, टुहुरे आवादी बारी | १००००० |
| ५ | वुलादी, चिप्लेचौर आवादी बारी | २००००० |
| ५ | पारी स्वारो खेत | २००००० |
| ५ | भिरकुना खेत | २००००० |
| ५ | भिरकुना बारी | ५०००० |
| ५ | खोलाघर बारी | ५०००० |
| ५ | पाङ्ग्रेवन बारी | १००००० |
| ५ | खोला किनार, वन, बगर क्षेत्रका सबै नीजि जग्गाहरु | १५००० |
| ५ | लालु, हिले, झारसाँदी, माझगाउँ, देउराली समेतका खेतियोग्य जग्गाहरु | ४००००० |
| ५ | बर्नालु जानुमाया राईको घरदेखि बाहुनी खोलासम्म सडकले छोएको घडेरीमा प्रयोग हुने जग्गा | ५००००० |
| ५ | बाहुनी खोलादेखि राज्यलक्ष्मी मा.वि. सम्म सडकले छोएको जग्गा | १०००००० |
| ५ | कात्तिके, कल्लेरी बारी | १००००० |
| ५ | साविक ओखलढुङ्गा २ को सिमानादेखी विप्लाटेसम्म सडकले छोएका जग्गाहरु | ५००००० |
| ५ | बन्चरे भिर, चुप्लु, रयाले पहिरो, साहुने दोभान भिर समेतका निजी जग्गाहरु | ५००० |
| ५ | ढुङ्ग्रे चौतारादेखी वर्नालु वि.क.चोक सम्मको सडकले छोएको घडेरीमा प्रयोग हुने जग्गा | ५००००० |
| ५ | ढुङ्ग्रे चौताराबाट डाँडाखर्क रयाले हुँदै चुप्लु सडकले छोएको जग्गा | ७००००० |
| ५ | चिप्ले चौर- उत्तिसे- घुर्मिसे सडकले छोएको जग्गा | ३००००० |
| ५ | माथि उल्लेख भए बाहेकका साविक वर्नालु १ देखि ९ सम्मका सबै जग्गा | ५०००० |
| ६ | ओखलढुङ्गा सल्लेरी सडकले छोएको ठाडे हुँदै जन्तरधापसम्मका जग्गाहरु | ५००००० |
| ६ | पात्लेदेखि तल्लो मैदाने, कात्तिकेदेखि जन्तरखानी वडा कार्यालय, आरुबोट देखि बाख्रे हुँदै नलिडाँडासम्मको कृषि सडकले छोएका जग्गाहरु | ३००००० |
| ६ | माथि उल्लिखित कृषि सडकले छोए बाहेकका अन्य जग्गाहरु | २००००० |
| ६ | वन, पाखा, आवासीय र व्यापारिक क्षेत्र बाहेकका सबै जग्गाहरु | २००००० |
| ६ | लामेलुङ्ग, बाघखोरदेखि मुलवारी, वैदारखोला, रातोपानी, रमिते, निङ्ग्रेखोप देखि फुर्सेखोप, भैसी खर्कसम्मका वन, पाखा, बगर र पहिरोका जग्गाहरु | १००००० |
| ७ | ओखलढुङ्गा सल्लेरी सडकले छोएका चित्रेदेखि टोड्केसम्मका जग्गाहरु | ५००००० |

| वडा नं. | भौगोलिक क्षेत्र | प्रति रोपनी मूल्याङ्कन |
|---|---|---|
| ७ | चित्रे, घुन्सा, टक्सार, विगुटार मा.वि. हुँदै पोखरी डाँडासम्म र सर्सेपु, विगुटार, सुर्केसम्मको कृषि सडकले छोएका जग्गाहरु | ४००००० |
| ७ | धनेपु, डाँडागाउँ, विल्दु, कडेंनी, गोर्जा, भस्मे र माथि उल्लिखित सडकहरुले नछोएका जग्गाहरु | २००००० |
| ७ | खाल्टे, भोटेटार, सल्ली, सुर्के, विगुटार, टक्सारका सबै जग्गाहरु | ३०००००० |
| ७ | गैरी, कडेनी, ड्याम्के, चैते, गोर्जा, भस्मेका सबै जग्गाहरु | १५०००० |
| ७ | पोक्तिङखोला, ढाँडखोला, भगेंरीखोला, रक्तेपुखोला, सल्लीखोला क्षेत्रका जग्गाहरु | १००००० |
| ७ | खरवारी तथा वन क्षेत्र आसपास पर्ने सबै निजी जग्गाहरु | ३०००० |
| ८ | सिद्धिचरण राजमार्ग खण्डको लगलगे, सल्लेरी बेतिनी कृषि सडक खण्डको बम्जनडाँडा देखि छिपछिपेडाँडा, कुवापानीदेखि तामाङ गाउँ हुँदै गुरुङ्गगाउँको डबल धारासम्मका सडकको दायाँ बायाँमा पर्ने जग्गाहरु | १५००००० |
| ८ | सल्लेरी बेतिनी कृषि सडकको व्यापारीक क्षेत्र भन्दा बाहेकका अन्य शाखा सडकको बस्तीक्षेत्रका सडकसँग छोइएका दाँया बायाँका जग्गाहरु | ८००००० |
| ८ | व्यापारीक र आवासीय भन्दा बाहेकको सबै कृषि योग्य जमिनहरु | ३००००० |
| ८ | आवासीय, व्यापारीक र कृषि क्षेत्र भन्दा बाहेकको निजी स्वामित्वमा रहेका खर, वन र बगर | ५०००० |
| ९ | ओखलढुङ्गा च्यानम सडक, वडा नं. ९ को सबै शाखा सडकले छोएको जग्गा, कोलेबेसी खेत छतिवने, सुसुरमा, सोलीबेसी खेत समेतका जग्गाहरु | ५००००० |
| ९ | आवासीय र खरवारी, वन क्षेत्र बाहेकका सबै कृषि उपयोगमा आएका जग्गाहरु | ३००००० |
| ९ | खरवारी, वन क्षेत्र सबै | ५०००० |
| १० | बाँसवारी चोकदेखि पूण्यमाता मा.वि. सम्मको सडक तथा गल्लीको ३० मिटर दाँया बायाँको र सल्लेरी बेतिनी कृषि सडक तथा अन्य शाखा सडकले छोएका दायाँ बायाँको जग्गाहरु | ८००००० |
| १० | व्यापारीक र आवासीय भन्दा बाहेक सबै खेत तथा बारी | ४००००० |
| १० | निजी स्वामित्वमा रहेका सबै खरवारी, वन तथा बगर | ५०००० |
| १० | साविक बेतिनी वडा नं.१,२,७,८ र ९ बाहेकका सवै कृषि योग्य खेतहरु | ४००००० |
| १० | साविक बेतिनी वडा नं.१,२,७,८ र ९ का सवै कृषी योग्य बारीहरु | ३००००० |
| ११ | मिलन चोकदेखि निशंखे जाने सडकको २०० मिटर क्षेत्र भित्रको सडकले छोएका दायाँ बायाँका जग्गाहरु | १८००००० |
| ११ | मिलन चोकदेखि निशंखे जाने सडकको २०० मिटर सडक छाडी ११ नं. र ३ नं. वडा सिमानासम्मको सडकले छोएका दायाँ बायाँका जग्गाहरु | ८००००० |
| ११ | मिलन चोकदेखि निशंखे जाने सडकको २०० मिटर क्षेत्र भित्रका दायाँ बायाँ सडकले नछोएका जग्गाहरु | ४००००० |
| ११ | मिलन चोकबाट २०० मिटर छोडी सिद्धिचरण राजमार्गको वार्ड नं. ३ र ८ को सिमानासम्म दायाँ बायाँका जग्गाहरु | ४००००० |

| वडा नं. | भौगोलिक क्षेत्र | प्रति रोपनी मूल्याङ्कन |
|---|---|---|
| ११ | जिल्ला प्रहरी कार्यालयबाट खाद्य गोदाम रामबजार हुँदै हुलाक डाँडासम्म बजार बिचको सडकको दायाँ बायाँ २० मिटर भित्रका जग्गाहरु | ६०००००० |
| ११ | मिलन चोकको सिद्धिचरण राजमार्गको दायाँ बायाँका २० मिटर सम्मको जग्गा | ८०००००० |
| ११ | बालमन्दिर खोल्सा जिल्ला प्रशासन कार्यालय हुँदै रामबजार निस्कने सडकले छोएका जग्गाहरु | ६०००००० |
| ११ | कृषि ज्ञान केन्द्रदेखि कालिकास्थान सिधै मुनिको सडक नजिक राजमार्गका २०० मिटरसम्म दायाँ बायाँका २० मिटर भित्रका जग्गाहरु | २५००००० |
| ११ | शिव मन्दिरदेखि कमेरे पानी ट्यांकीसम्म, कालिकास्थानदेखि नेपाल टेलिकम मुनी राजमार्गको दायाँ बायाँका सडकले छोएको २० मिटर भित्रका जग्गाहरु | १२००००० |
| ११ | सिद्धिचरण राजमार्गदेखि कृषि विकास कार्यालयसम्म जाने सडकको दायाँ बायाँका २० मिटर सम्मका जग्गाहरु | १६००००० |
| ११ | सिद्धिचरण राजमार्ग ० प्वाइन्ट रमाइलो डाँडाका २०० मिटर सडकको दायाँ बायाँका २० मिटर भित्रका जग्गाहरु | ८०००००० |
| ११ | ० प्वाइन्ट रमाइलो डाँडाबाट २०० मिटर पछि आर्मी गेटसम्मको सडकको दायाँ बायाँका २० मिटर सम्मका जग्गाहरु | ५०००००० |
| ११ | सिद्धिचरण राजमार्गबाट बसपार्क जाने सडकको दायाँ बायाँका २० मिटर सम्मका जग्गाहरु | १५००००० |
| ११ | बसपार्कबाट निर कुमार गिरीको घर हुँदै कुमार कार्कीको घरपरी खोल्सीसम्मको सडक आसपासका जग्गाहरु | ५००००० |
| ११ | रमाइलो डाँडाको ० प्वाइन्टबाट २०० मिटर सडक पछि ११ नं. र ५ नं. वडाको सिमानासम्मको सडकसँगै जोडिएका २० मिटर सम्मका जग्गाहरु | १०००००० |
| ११ | रमाइलोडाँडा ० प्वाइन्टबाट सोलु जाने चित्रे विप्लाँटे सडकको १०० मिटर पछिका जग्गाहरु | ५००००० |
| ११ | ओखलढुङ्गा रामपुर सडकबाट सामुदायिक अस्पताल सोब्रु जाने सडकको दायाँ बायाँका जग्गाहरु | १०००००० |
| ११ | जि.स.स माथिको मोडदेखि सोब्रु मिसन अस्पताल जाने सडकको ११ नं. वडाको सिमानासम्म सडकको दायाँ बायाँ २० मिटर भित्रको जग्गाहरु | ४०००००० |
| ११ | सिद्धिचरण राजमार्गस्थित वि.क. टोलबाट वितलव हुँदै ११ नं. र ३ नं. को वडा सिमानासम्मको बाटाको दायाँ बायाँमा पर्ने जग्गाहरु | १०००००० |
| ११ | निशंखे जाने कृषि सडकबाट बितलव लामीस्वती हुँदै रुम्जाटार जाने सडकको दायाँ बायाँ २० मिटरसम्मका जग्गाहरु | १०००००० |
| ११ | मिलनचोकबाट साविक सल्लेरी जाने २०० मिटर पछि ११ नं. र ८ नं. वडाको सिमानासम्मका जग्गाहरु | ७००००० |
| ११ | मिलनचोकबाट नगर पार्क हुँदै खाद्य गोदामस्थित भञ्ज्याङ्ग, जिल्ला प्रहरी कार्यालय जाने मोडसम्म र सोही मोडबाट जिल्ला प्रहरी कार्यालय जाने सडक, नगरपार्कबाट गुइनी चित्रेडाँडा हुँदै रामबजार सामुदायिक भवनसम्मका र नगर पार्कबाट खाद्यगोदाम निस्कने सडकका दायाँ बायाँका जग्गाहरु | १२००००० |

| वडा नं. | भौगोलिक क्षेत्र | प्रति रोपनी मूल्याङ्कन |
|---|---|---|
| ११ | कालिकास्थान सिधा मुनिको सडकबाट अल्छे चौतारा हुँदै तल्लो गैरीगाउँ स्थित भुजेलटोल/राईटोल हुँदै रुम्टीसम्म जाने सडकसँग छोइएका जग्गाहरु | ७००००० |
| ११ | सिद्धिचरण राजमार्गदेखि स्वास्थ्य चौकी भवन कारागार हुँदै उत्तम के.सी.को घर जाने कारागार मुनिको मोडसम्मका सडकसँग छोइने जग्गाहरु | २०००००० |
| ११ | कारागार मुनिको मोडबाट अल्छे चौतारासम्म जाने सडकसँग जोडिएका जग्गाहरु | ७००००० |
| ११ | कारागार मुनिको मोडदेखि जालपा मा.वि.मुनी उत्तम के.सी. को घरतर्फ जाने सडकसँग छोइने दायाँ वायाँका जग्गाहरु | १०००००० |
| ११ | कारागार माथिदेखि थापाडाँडा जाल्पा मा.वि. दाहाल प्रतिष्ठानको भवन हुँदै सिद्धिचरण राजमार्गसम्म जाने सडक दायाँ बायाँका जग्गाहरु | १०००००० |
| ११ | रमाइलो डाँडास्थित भिमसेनस्थान कमेरे, विप्लाँटे सडकको सोलु जाने घोडेटो बाटोबाट चौतारा शिव मन्दिर सम्मका दायाँ बायाँका जग्गाहरु | २०००००० |
| ११ | चौतारा शिव मन्दिरबाट कमेरे पानीट्यांकी सम्मको सडकसँग जोडिएका जग्गाहरु | १०००००० |
| ११ | विप्लाँबाटेबाट अल्ले जाने सडक र ओखलढुङ्गा रामपुर सडक खण्डबाट ओखे जाने सडकसँग जोडिएका दायाँ बायाँका जग्गाहरु | २००००० |
| ११ | रमाइलो डाँडाको भिमसेनस्थानबाट रिचिलुङ्ग हुँदै रामपुर जाने सडकको भुमेस्थान सम्मको सडकका दायाँ बायाँका जग्गाहरु | ३५०००० |
| ११ | मिसन अस्पतालबाट हेलिप्याड हुँदै वार्ड नं. ११ र १२ को सिमानासम्म पर्ने सडक दायाँ बायाँका जग्गाहरु | ५००००० |
| ११ | मिसनस्थित हेलिप्याड हुँदै होल्पु जाने सडकका दायाँ बायाँका जग्गाहरु | ५००००० |
| ११ | व्यापारिक तथा आवासीय भन्दा बाहेकका कृषि क्षेत्रका अन्य जग्गाहरु | २५०००० |
| ११ | निजी स्वामित्वमा रहेका वन, वगर तथा पाखा जग्गाहरु | १००००० |
| १२ | ११ नं.वडाको सिमाना हुलाक डाँडादेखि गणेशस्थान हुँदै सोब्रु अस्पताल जाने जि.स.स माथिको मोडसम्म | ८०००००० |
| १२ | सोब्रु अस्पताल जाने जि.स.स. माथिको मोडदेखि सिमलडाँडा सम्मका जग्गाहरु | ६०००००० |
| १२ | हाट लाग्ने हुँदै गोविन्द फर्निचर अगाडी हुँदै शुभतारा स्कुलसम्मको सडकको दायाँ बायाँ ७० मिटर भित्रका जग्गाहरु | ६०००००० |
| १२ | गणेशचोकबाट मञ्चने हुँदै सिमलडाँडा सम्मको बस्ती र जि.स.स. बाट लिपेखोला सम्मको बस्ती क्षेत्रका सडकसँग जोडिएका जग्गाहरु | ५००००० |
| १२ | गणेशचोकदेखि बन कार्यालयसम्मका सडक आसपासका जग्गाहरु | ४०००००० |
| १२ | सिमलडाँडादेखि मिनीबसपार्क हुँदै सितलपुर मोडसम्मको बस्ती क्षेत्रका सडक आसपासका जग्गाहरु | १५००००० |
| १२ | सितलपुरको सडक मोडबाट गोगने, भडारे ज्यामिरेको सिमाना सम्मका जग्गाहरु | ५००००० |
| १२ | सिमलडाँडादेखि मिनिबसपार्क सितलपुर मोड, गोगने भडारे, जि.ब.का. बाट लिपेखोला सम्मका भित्री कृषि योग्य जग्गाहरु | ५००००० |

| वडा नं. | भौगोलिक क्षेत्र | प्रति रोपनी मूल्याङ्कन |
|---|---|---|
| १२ | हुलाक डाँडादेखि गणेशचोकसम्म, हाट लाग्ने देखि गोविन्द फर्निचर हुँदै वडा नं.११ को सिमानासम्मका कृषि योग्य जग्गाहरु | ३०००००० |
| १२ | रामपुर जाने सडकको जि.स.स. माथिको मोडबाट वडा नं.११ को सिमाना लिपेखोला सम्मका जग्गाहरु | १५००००० |
| १२ | गणेशचोकदेखि मञ्चने, सिमलडाँडा, मिनि बर्सपार्क हुँदै सितलपुर मोडसम्मका जग्गाहरु | ५००००० |
| १२ | गणेशचोकदेखि बन कार्यालय सम्मका जग्गाहरु | ४००००० |
| १२ | निजी स्वामित्वका बाँकी सबै वन, वगर तथा खरबारीहरु | ५०००० |
| १२ | लिपेखोला, गोगने, सिद्धिचरणपार्क हुँदै मञ्चनेसम्मका जग्गाहरु | १००००० |

**ख. नगर क्षेत्रमा रहेका घर संरचना, सो घर संरचनाले ओगटेको क्षेत्रफल र सो क्षेत्रफल बराबरको थप जग्गामा अनुसूची १ को (क) मा उल्लिखित सम्पत्ति मूल्याङ्कन दरको आधारमा देहायको दरमा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।**

| क्र.सं. | मूल्याङ्कन रकम | दर रु. |
|---|---|---|
| १ | रु. १ देखि रु.५ लाखसम्म | ७५ |
| २ | रु. ५ लाखदेखि माथि रु.८ लाखसम्म | १०० |
| ३ | रु.८ लाखदेखि माथि रु.१० लाखसम्म | १२५ |
| ४ | रु.१० लाखदेखि माथि रु.१५ लाखसम्म | २०० |
| ५ | रु.१५ लाखदेखि माथि रु. २० लाखसम्म | २५० |
| ६ | रु. २० लाखदेखि माथि रु. २५ लाखसम्म | ३२५ |
| ७ | रु. २५ लाखदेखि माथि रु. ३० लाखसम्म | ३७५ |
| ८ | रु. ३० लाखदेखि माथि रु. ३५ लाखसम्म | ४५० |
| ९ | रु. ३५ लाखदेखि माथि रु. ४० लाखसम्म | ५०० |
| १० | रु. ४० लाखदेखि माथि रु. ४५ लाखसम्म | ५७५ |
| ११ | रु. ४५ लाखदेखि माथि रु. ५० लाखसम्म | ६२५ |
| १२ | रु. ५० लाखदेखि माथि रु. ५५ लाखसम्म | ७०० |
| १३ | रु. ५५ लाखदेखि माथि रु. ६० लाखसम्म | ७५० |
| १४ | रु. ६० लाखदेखि माथि रु. ६५ लाखसम्म | ८२५ |
| १५ | रु. ६५ लाखदेखि माथिरु.७० लाखसम्म | ८७५ |
| १६ | रु. ७० लाखदेखि माथि रु. ७५ लाखसम्म | ९५० |
| १७ | रु. ७५ लाखदेखि माथि रु. ८० लाखसम्म | १००० |
| १८ | रु. ८० लाखदेखि माथि रु. ८५ लाखसम्म | १०७५ |
| १९ | रु. ८५ लाखदेखि माथि रु. ९० लाखसम्म | ११२५ |
| २० | रु. ९० लाखदेखि माथि रु. ९५ लाखसम्म | १२०० |
| २१ | रु. ९५ लाखदेखि माथि रु. १ करोडसम्म | १२५० |
| २२ | रु. १ करोडदेखि माथि रु. १ करोड २५ लाखसम्म | १५७५ |
| २३ | रु. १ करोड २५ लाखदेखि माथि रु. १ करोड ५० लाखसम्म | १८७५ |
| २४ | रु. १ करोड ५० लाखदेखि माथि रु. १ करोड ७५ लाखसम्म | २२०० |

| क्र.सं. | मूल्याङ्कन रकम | दर रु. |
|---|---|---|
| २५ | रु. १ करोड ७५ लाखदेखि माथि रु. २ करोडसम्म | २५०० |
| २६ | रु. २ करोडदेखि माथि रु. २ करोड २५ लाखसम्म | २८५० |
| २७ | रु. २ करोड २५ लाखदेखि माथि रु. २ करोड ५० लाखसम्म | ३१२५ |
| २८ | रु. २ करोड ५० लाखदेखि माथि रु. २ करोड ७५ लाखसम्म | ३४५० |
| २९ | रु. २ करोड ७५ लाखदेखि माथि रु. ३ करोडसम्म | ३७५० |
| ३० | रु. ३ करोड भन्दा माथी रु. ५० करोडसम्म | प्रति लाख रु.१५ |

**ग. सम्पत्ति कर प्रयोजनको लागि घर (संरचना) को मूल्याङ्कन न देहाय बमोजिम गरिनेछ ।**

| क्र.सं. | घरको वनावट | व्यापारिक प्रति वर्ग फिट | आवासीय प्रति वर्ग फिट |
|---|---|---|---|
| १ | माटोको जोडाईमा बनेको ढुङ्गा वा जस्ताको छाना भएको घर | १४०० | १३०० |
| २ | आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेको घर | ३००० | २७०० |
| ३ | सिमेन्ट जोडाइमा बनेको घर | २४०० | २३०० |
| ४ | सबै किसिमका टहराहरु | १२०० | १००० |

## अनुसूची -२

**(ऐनको दफा (३) सँग सम्बन्धित)**

**मालपोत करको दर**

**नगरपालिका भित्रका घर (संरचना) र जग्गाहरुमध्ये सम्पत्ति कर लाग्ने घर संरचना र जग्गा बाहेकको जग्गामा अनुसूची-१ (क) मा उल्लिखित मुल्याङ्कन बमोजिम देहाय अनुसारको मालपोत कर लिईनेछ ।**

| क्र.सं. | मुल्याङ्कन | दर रु. |
|---|---|---|
| १ | रु. १ देखि रु.५ लाखसम्म | ७५ |
| २ | रु.५ लाख माथि रु.८ लाखसम्म | १०० |
| ३ | रु.८ लाख माथि रु.१० लाखसम्म | १२५ |
| ४ | रु.१० लाख माथि रु.१५ लाखसम्म | २०० |
| ५ | रु.१५ लाख माथि रु. २० लाखसम्म | २५० |
| ६ | रु. २० लाख माथि रु. २५ लाखसम्म | ३२५ |
| ७ | रु. २५ लाख माथि रु. ३० लाखसम्म | ३७५ |
| ८ | रु. ३० लाख माथि रु. ३५ लाखसम्म | ४५० |
| ९ | रु. ३५ लाख माथि रु. ४० लाखसम्म | ५०० |
| १० | रु. ४० लाख माथि रु. ४५ लाखसम्म | ५७५ |
| ११ | रु. ४५ लाख माथि रु. ५० लाखसम्म | ६२५ |
| १२ | रु. ५० लाख माथि रु. ५५ लाखसम्म | ७०० |
| १३ | रु. ५५ लाख माथि रु. ६० लाखसम्म | ७५० |
| १४ | रु. ६० लाख माथि रु. ६५ लाखसम्म | ८२५ |
| १५ | रु. ६५ लाख माथि रु. ७० लाखसम्म | ८७५ |

| क्र.सं. | मुल्याङ्कन | दर रु. |
|---|---|---|
| १६ | रु. ७० लाख माथि रु. ७५ लाखसम्म | ९५० |
| १७ | रु. ७५ लाख माथि रु. ८० लाखसम्म | १००० |
| १८ | रु. ८० लाख माथि रु. ८५ लाखसम्म | १०७५ |
| १९ | रु. ८५ लाख माथि रु. ९० लाखसम्म | ११२५ |
| २० | रु. ९० लाख माथि रु. ९५ लाखसम्म | १२०० |
| २१ | रु. ९५ लाख माथि रु. १ करोडसम्म | १२५० |
| २२ | रु. १ करोडदेखि माथि रु. १ करोड २५ लाखसम्म | १५७५ |
| २३ | रु. १ करोड २५ लाख माथि रु. १ करोड ५० लाखसम्म | १८७५ |
| २४ | रु. १ करोड ५० लाख माथि रु. १ करोड ७५ लाखसम्म | २२०० |
| २५ | रु. १ करोड ७५ लाख माथि रु. २ करोडसम्म | २५०० |
| २६ | रु. २ करोड माथि रु. २ करोड २५ लाखसम्म | २८५० |
| २७ | रु. २ करोड २५ लाख माथि रु. २ करोड ५० लाखसम्म | ३१२५ |
| २८ | रु. २ करोड ५० लाख माथि रु. २ करोड ७५ लाखसम्म | ३४५० |
| २९ | रु. २ करोड ७५ लाख माथि रु. ३ करोडसम्म | ३७५० |
| ३० | रु. ३ करोड माथी रु. ५० करोडसम्म | प्रति लाख रु.१५ |

**अनुसूची -३**

**(ऐनको दफा (४) सँग सम्बन्धित)**

**<u>घर बहाल करको दर</u>**

| बहाल कर (पटके) | |
|---|---|
| नगरपालिका क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धित धनीबाट बहाल रकमको<br>▪ कार्यालय प्रयोजनको लागि बहालमा लिएकोमा<br>▪ अन्य प्रयोजनको लागि लिएकोमा | <br><br>१०%<br>३% |
| नगरपालिकाले आफ्नो क्षेत्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल राख्न दिए वापतप्रति वर्गफिट मासिक बहाल विटौरी कर | ३।- |

**अनुसूची -४**

**(ऐनको दफा (५) सँग सम्बन्धित)**

**<u>वार्षिक व्यवसायकरको दर</u>**

| करको बिवरण | दर |
|---|---|
| भिडियो, क्यासेट रेकर्डर तथा प्लेयर आदिको व्यापारमा | २०००।– |
| ज्वेलरी (सुन चाँदी ) पसलकारोबारको आधारमा<br>• ब्यवसाय दर्ता प्रमाण पत्रमा पाँच लाखसम्मको पूँजी उल्लेख भएका ब्यवसायहरु<br>• ब्यवसाय दर्ता प्रमाण पत्रमा ५ लाखदेखि १० लाखसम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा दश लाख भन्दा माथिको पूँजी उल्लेख भएका व्यवसायहरु | <br>२०००।–<br>३०००।–<br>४०००।– |

| करको बिवरण | दर |
|---|---|
| पेट्रोल पम्प | ५०००।– |
| मोबाईलको सेट विक्रेता तथा मोबाईल रिपेयरिङ्ग सेन्टर | १०००।– |
| कटाई सिलाई प्रशिक्षण केन्द्र | १०००।– |
| **कटाई सिलाई (टेलरिङ्ग) सेन्टर**<br>❖ ३ वटासम्म मेशिन राख्ने सेन्टरलाई<br>❖ ३ वटाभन्दा बढी मेशिन राख्ने सेन्टरलाई | <br>५००।–<br>१०००।– |
| पुस्तक विक्रेता तथा स्टेशनरी पसल | २०००।– |
| छापाखाना | २०००।– |
| फोटो स्टुडियो | १०००।– |
| कम्प्यूटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो जस्ता व्यापारमा | १०००।– |
| दैनिक उपभोगका खाद्य तथा अन्य किराना सामान पसल<br>• व्यवसाय दर्ता प्रमाणपत्रमा तीन लाखसम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाणपत्रमा ३ लाखदेखि ७ लाखसम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाणपत्रमा सात लाख भन्दा माथिको पूँजी उल्लेख भएका | <br>५००।-<br>१०००।-<br>१५००।- |
| थान तथा रेडिमेड कपडाको पसल<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा तीन लाखसम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा ३ लाखदेखि ७ लाखसम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा सात लाख भन्दा माथिको पूँजी उल्लेख भएका | ७००।-<br>१२००।-<br>२०००।- |
| कस्मेटिक, फेन्सी पसल<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा तीन लाख सम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा ३ लाखदेखि ५ लाखसम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा पाँच लाख भन्दा माथिको पूँजी उल्लेख भएका | ६००।–<br>८००।-<br>१२००।- |
| व्यूटी पार्लर | ५००।– |
| हेयर कटिङ्ग सैलुन प्रति पटक एकजनालाई मात्र सेवा दिने | ५००।– |
| हेयर कटिङ्ग सैलुन प्रति पटक एकजना भन्दा बढीलाई सेवा दिने | १०००।– |
| सवारी साधन, आधिकारीक उत्पादकको Spare Parts विक्रेता (बाइसाइकल र मोटरसाइकल बाहेक) | ३०००।– |
| बाइसाइकल तथा Spare Parts विक्रेता | १००० ।– |
| मोटरसाइकल विक्रेता/शोरुम तथा आधिकारीक उत्पादकको Spare Parts विक्रेता | २०००।– |
| अटोमोबाइल्स विक्रेता/शोरुम (मोटरसाइकल र बाइसाइकल वाहेक) | ५०००।- |
| रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, विद्युतीय सामाग्री मर्मत केन्द्र | १०००।– |
| मासु विक्रेता (फ्रेस हाउस) | १०००।– |
| फलफूलको बिरुवा विक्रेता | ५००।– |
| फलफूल विक्रेता (साना पसल) | ५००।– |
| फलफूल बिक्रेता (ठुला पसल) | १०००।- |
| पूल हाउस | १०००।– |

| करको बिवरण | दर |
|---|---|
| सिसा, प्लाइउड, आल्मुनियम पार्टस् विक्रेता | १५००।– |
| धातुका घरायसी सामाग्री बिक्रेता | १००० ।– |
| प्लाष्टिकका घरायसी सामाग्रीहरुको बिक्रेता | ५००।- |
| स्टिल/काठका फर्निचर उत्पादक तथा विक्रेता | ३००० ।– |
| हार्डवेयर पसल बजारक्षेत्र | ५०००।– |
| हार्डवेयर पसल ग्रामिण क्षेत्र | २०००।– |
| खेलौना, उपहार (गिफ्ट) विक्रेता<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा एक लाखसम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा १ लाख भन्दा माथि ३ लाखसम्मको पूँजी उल्लेख भएका व्यवसायहरु<br>• व्यवसाय दर्ता प्रमाण पत्रमा तीन लाख भन्दा माथि पूँजी उल्लेख भएका व्यवसायहरु | ५००।-<br>१०००।-<br>१५००।- |
| कपास विक्रेता वा कपासद्वारा निर्मित सामानका उत्पादक (धुनिँया) | २०००।– |
| कपास काल्ने, कपडा धुने, पान बेच्ने, माटोको भाँडा बेच्ने पसल | १०००।– |
| टेलिभिजन, फ्रिज, मोबाइल सेट तथा अन्य इलेक्ट्रोनिक सामान बेच्ने पसल | २५००।– |
| इजाजत प्राप्त गरी बिर्को खोली मदिराजन्य वस्तु बिक्री गर्ने पसल | १५००।– |
| स्वदेशी वा विदेशी डिष्टिलरी वा ब्रुअरीबाट उत्पादित बोतलबन्दी मदिराजन्य वस्तुको आधिकारिक बिक्रेता | ७०००।– |
| स्वदेशी वा विदेशी उत्पादनका चुरोटको डिलर | ५०००।– |
| चिया, मिठाई पसल वा भोजनालय | ५००।– |
| पाँचतारे होटेल | २००००।– |
| चारतारे होटेल | १५०००।– |
| तीनतारे होटेल | ५०००।– |
| दुई र एकतारे होटेल | २५००।– |
| होटल लज तथा गेष्ट हाउस (४ वटासम्म कोठाहरु भएको) | १२००।– |
| होटल लज तथा गेष्ट हाउस (४ वटादेखि ८ वटासम्म कोठाहरु भएको) | २०००।– |
